कृषि तथा वन विज्ञान विश्वविद्यालय
# पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय
# डीनको कार्यालय
रामपुर, चितवन, नेपाल

फोन : ०५६-५९२१३१
फ्याक्स नं. : ०५६-५२६०१४

मिति२०७०।७।१०

## वि.भि.एस्सी. एण्ड ए.एच. र वि.एस्सी.मत्स्य विज्ञान तहको भर्ना सम्बन्धि सुचना

शैक्षिक वर्ष २०७०।०७१ को लागि यस कृषि तथा वन विज्ञान विश्वविद्यालय पशू विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय रामपुर चितवनमा संञ्चालन हुने (वि.भि.एस्सी एण्ड ए.एच.) र मत्स्य विज्ञान (वि.एस्सी. फिसरीज) स्नातक तहको शैक्षिक कार्यक्रममा अध्ययन गर्न चाहने आवश्यक न्युनतम शैक्षिक योग्यता पुगेका विद्यार्थीहरुको लागि आवेदन दिन तथा भर्ना सम्बन्धि कार्यक्रम देहाय बमोजिम परिवर्तन गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सुचना प्रकाशित गरिएको छ ।

१ आवेदन फारम वितरण गरिने मिति र स्थान: २०७० भाद्र २८ गते देखि मंसीर(९ गते सम्म पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय डीनको कार्यालय रामपुरबाट कार्यालय समय भित्र (विदाको दिन बाहेक) फारम लिन र बुझाउन सकिनेछ । मिति ०७० मंसीर १० गते देखि ०७० मंसिर १३ गते सम्म कार्यालय समय भित्र (विदाको दिन बाहेक) प्रवेश परीक्षा शुल्कको दोब्बर शुल्क तिरी डीनको कार्यालय रामपुरवाट मात्र आवेदन फारम लिन र बुझाउन सकिनेछ ।

२. प्रवेश परीक्षा हुने मिति २०७० मंसीर २० गते विहान ११ वजे

स्थान: पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय डीनको कार्यालय रामपुर चितवन

३. भर्ना सम्बन्धि तालिका:

क) भर्नाको लागि २०७०।८।२१ गते मेरिट कोटाको प्रथम नामावली प्रकाशित गरिनेछ । प्रथम नामावलीमा परेका विद्यार्थीहरुले २०७०।८।२५ गते कार्यालय समय भित्र भर्ना भैसक्नु पर्नेछ ।

ख) स्थान खाली रहन आएमा २०७०।८।२६ गते दोश्रो नामावली प्रकाशित गरिनेछ र दोश्रो नामावलीमा परेका विद्यार्थीहरुले २०७०।८।२८ गते भित्र कार्यालय समयमा भर्ना भै सक्नुपर्नेछ ।

ग) स्थान खाली रहन आएमा २०७०।९।१ गते तेश्रो नामावली प्रकाशित गरिनेछ । तेश्रो तथा अन्तिम नामावलीमा परेका विद्यार्थीहरुले २०७०।९।३ गते कार्यालय समय सम्म भर्ना भै सक्नु पर्नेछ ।

घ) छात्रा कोटा र क्षेत्रिय कोटा बाहेक अन्य कोटामा भर्ना हुन इच्छुकहरुले प्रवेश परीक्षा उत्तिर्ण हुने विद्यार्थीहरु मध्ये वि.भि.एस्सी. एण्ड ए.एच.र वि.एस्सी.फिसरीज तहको लागि २०७०।९।३ गते कार्यालय समय भित्र तोकिएको ढांचामा नियमानुसार आवेदन दिनु पर्नेछ । अन्य विस्तृत विवरण वेभ साइटमा पहिले प्रकाशित सुचना अनुशार नै हुनेछ ।

प्रा.डा. ईश्वरी प्रसाद ढकाल
डीन